## बैठक नं: २

आज मिति २०७४।११।२२ गतेका दिन प्रदेश नं २, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रमुख सचिव श्री शंकर प्रसाद पाठकज्यू को अध्यक्षतामा बैठक बसी तपसिल बमोजिमको निर्णय भयो।

### उपस्थिति

श्री शंकर प्रसाद पाठक – प्रमुख सचिव – मुख्यमन्त्री तथा मं.प. को कार्यालय
" निर्मला अधिकारी भट्टराई सचिव " "
" दिपेन्द्र काफ्ले – सचिव – " " " "
" धानेश्वर गौतम – " – आ.मा. तथा योजना मन्त्रालय
" प्रेम प्रसाद भट्टराई – " – आ.मा. तथा कानुन मन्त्रालय
" सुर्यकान्त सिग्देल – " – उ.प. व. तथा वातावरण मन्त्रालय
" श्यामनारायण देवकोटा – भू.व्य.कृ. तथा सहकारी मन्त्रालय
" मनोज श्रेष्ठ – भौ.पू. विकास मन्त्रालय
" पुष्करराज पन्त – सामाजिक विकास मन्त्रालय
" सनत ढ्वाडी – प्रदेश प्रमुखको कार्यालय
" डा. मान बहादुर वि.क. – प्रदेश सभा सचिवालय
" मधु अवाली – उपसचिव – आ.मा. तथा कानुन मन्त्रालय
" कोकुला श्रेष्ठ – सि.डि.ई. – भौतिक पूर्वाधार वि. मन्त्रालय
– हिमाल गौतम – शा.अ. – आर्थिक मामिला तथा यो. मन्त्रालय
रामचन्द्र मरासिनी ले.अ. प्रदेश सभा सचिवालय
चन्द्र प्रसाद अधिकारी का.अ. प्रदेश सभा सचिवालय

### प्रस्ताव तथा निर्णयहरु

क्र.प.उ.

निर्णय :

१. संघीय संचित कोषबाट प्रत्येक मन्त्रालयलाई विनियोजन सहित प्राप्त हुन आएको वजेट रकम आवश्यकताका आधारमा खर्च गर्ने । उक्त रकम खर्च गर्दा संघीय आर्थिक कार्यविधि, खरिद सम्वन्धी कानुन र मापदण्ड वमोजिम खर्च गर्ने ।

२. चालु प्रकृतिका उपभोग खर्च वाहेक पुंजीगत खर्चहरुको सम्वन्धमा कार्यक्रम तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको राय समेत लिई सम्वन्धित सचिवले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने ।

३. मन्त्रालयहरुको स्थापनाको क्रममा फर्निचर, फर्निसिङ र मेशिनरी औजारमा भएको खर्च सम्वन्धमा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले पूर्वनिर्णय गरेअनुसार छुट्टयाईको रकमले अपुग भएमा सम्वन्धित मन्त्रालयको विनियोजित रकमबाट शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयसँग समन्वय गरी भुक्तानी दिने व्यवस्था मिलाउने ।

४. प्रत्येक मन्त्रालयहरुले आफ्नो र अन्तर्गतका निकायलाई यस आ.व.का लागि के कति बजेट आवश्यक पर्छ एकिन गरी खर्च शिर्षक अनुसार पुष्ट्याइ सहित एक हप्ता भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने । यसरी कुल बजेट माग रकम एकिन भएपछि हाल संघीय संचित कोषबाट विनियोजित रकम घटाई खुद नपुग रकम एकिन गर्ने ।

६. बजेट माग गर्दा तलव, भत्ता, विजुली, पानी, टेलिफोन जस्ता अनिवार्य खर्च शिर्षकमा पर्याप्त रकम छुटट्याई नयाँ कार्यक्रम र आयोजना सञ्चालनका लागि आयोजना र कार्यक्रमको लक्ष, उद्देश्य र लक्षित प्रतिफल सहित प्रस्ताव गर्ने ।

७. सवै मन्त्रालय तथा निकायहरुले एकहप्ता भित्र सिसिटिभि जडान गर्ने ।

८. प्रवक्ता तोक्ने, उजुरी पेटिका राख्ने, महाशाखा तथा शाखाको कार्यविभाजन गरी सञ्चालनमा ल्याउने व्यवस्था गर्ने ।

११. सवै मन्त्रालयका सचिवले तत्काल वनाउनुपर्ने कानुनको मस्यौदा यथासिघ्र तयार गरी कानुन मस्यौदा तथा सुझाव आयोगमा आवश्यकताका आधारमा पेश गर्दै जाने ।

१२. जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट प्राप्त विवरण वमोजिमका सवारी साधन माग गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट पत्राचर गरी सोको बोधार्थ जिल्ला प्रशासन कार्यालय रुपन्देही तथा सम्वन्धित मन्त्रालयलाई दिने । त्यसैगरी सवैजिल्लामा त्यस्ता निकायका सवारी साधनहरुको विवरण लिई कारवाई अगाडी वढाउने ।

१३. सवै मन्त्रालयबाट हालसम्म उपस्थित कर्मचारीको विवरण यथासिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्ने ।